८३८

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

**मु.नं. १४६/२०७०/०७१**

**निर्णय नं.५०**

मारेककटहरे-७, धनकुटा वस्ने धनवहादुर वुढाथोकी समेत ..........................................१ पुनरावेदक

**विरूद्ध**

प्रमुख, धनकुटा वहुमुखी क्याम्पस, धनकुटा ..........................................................................१ प्रत्यर्थी

**विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।**

मारेककटहरे-७, धनकुटा वस्ने धनवहादुर वुढाथोकी समेतले धनकुटा वहुमुखी क्याम्पस, धनकुटाले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा गरेको पुनरावेदनका सम्बन्धमा यस आयोगबाट मिति २०७०।०९।२३ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न धनकुटा वहुमुखी क्याम्पस, धनकुटालाई यस आयोगबाट मिति २०७१।०९।२४ च.नं. ५४२, पु.च.नं. १३४ को पत्रबाट पत्राचार गरिएकोमा पुनरावेदकले सूचना पाइन भनी पुनः मिति २०७०।११।२३ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।०१।१७, च.नं. ९२२, पु.च.नं. ३५६ बाट ताकेता पत्र पठाइएको र पुनः निजको २०७१।०९।१६ को निवेदनमा आयोगले मिति २०७१।०९।२१ मा आदेश भई सो आदेश कार्यान्वयन गर्न मिति २०७१।०९।२२, च.नं. ७५१, पु.च.नं. ३६४ बाट पत्रचार गरिएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यस लामो अवधिसम्म पनि सूचना पाइन भनी पुनरावेदक स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत निवेदन तामेलीमा राखिएको छ । प्रस्तुत निवेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ २४ गते रोज ५ शुभम् ।